मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या- २०८३/०८४
चलानी नं.-

**सूचना नं.: ०१**

मिति: २०८३।०४।२७

## विज्ञसूची/रोस्टर तयारीका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना !

यस मोदी गाउँपालिकामा सञ्चालन हुने विभिन्न तहको अस्थायी/करार शिक्षक, विद्यालय कर्मचारी छनौट परीक्षा, गाउँपालिकास्तरीय प्रश्नपत्र, उत्तरकुञ्जिका निर्माण एवम् परिमार्जन, स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक लेखन एवम् परिमार्जन, रोस्टर विज्ञको रूपमा विद्यालय अनुगमन तथा सुपरीवेक्षण लगायत विविध प्रयोजनका लागि विज्ञहरुको सूची सूचीकृत र नवीकरण गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजपत्र सहित तोकिएको फाराम भरी प्रत्यक्ष उपस्थित भई वा यस कार्यालयको इमेल ठेगानामा इमेल मार्फत आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

क) शर्तहरू:

१. विज्ञहरुको सूची दर्ता सम्वन्धी निवेदन संलग्न ढाँचा बमोजिम हुनुपर्नेछ ।

२. विज्ञको सूचीकरण तथा परिचालन सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार मोदी गाउँपालिकामा निहित रहनेछ ।

ख) सूचीकृत हुन इच्छुक व्यक्तिहरूको वाञ्छनीय योग्यता:

१. आधारभूत तहका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक र माध्यमिक तहका लागि कम्तीमा स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने,

२. आधारभूत तथा माध्यमिक तहको स्थायी शिक्षक हुनुपर्ने,

३. सम्बन्धित तह र विषयमा कम्तीमा ५ वर्षको स्थायी कार्य अनुभव भएको हुनुपर्ने,

४. साविक उच्च माध्यमिक तह (हाल माध्यमिक तह कक्षा ११-१२) का लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित तहको ५ वर्षको अनुभव भएको हुनुपर्ने,

४. सम्बन्धित शिक्षक यस गाउँपालिका भित्रका विद्यालयमा कार्यरत हुनुपर्ने,

५. ICT सम्वन्धी ज्ञान भएको हुनुपर्ने, आदि ।

ग) निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू

१. नागरिकता, शैक्षिक योग्यता र कार्यानुभवको प्रमाणित प्रतिलिपि,

२. इमेल मार्फत विज्ञसूचीमा सूचीकृत गर्न चाहने विज्ञले निवेदन सहित आवश्यक कागजातको Scan copy शिक्षा, युवा तथा खेलकुद विकास उपशाखाको इमेल modiedusection@gmail.com मा पठाउन सकिने छ ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत, गण्डकी प्रदेश, नेपाल

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

# विज्ञसूची/रोस्टरमा सूचीकृत हुन निवेदन फाराम

१. व्यक्तिगत विवरणः

| शिर्षक | विवरण भर्नुहोस् |
|---|---|
| आवेदकको नामथर | |
| पद | |
| तह | |
| विषय | |
| कार्यरत विद्यालय | |
| विद्यालयको ठेगाना | |
| स्थायी ठेगाना | |
| मोवाइल नं. | |
| इमेल | |
| नागरिकता नं. | |
| जन्म मिति | |

२. विज्ञका रूपमा सूचीकृत हुन चाहेको क्षेत्रः

तलका मध्ये आफूले सेवा प्रदान गर्न चाहेको क्षेत्रमा (✓) चिन्ह लगाउनुहोस्।

☐ अस्थायी/करार शिक्षक छनौट परीक्षा
☐ विद्यालय कर्मचारी छनौट परीक्षा
☐ गाउँपालिकास्तरीय प्रश्नपत्र निर्माण
☐ प्रश्नपत्र परिमार्जन
☐ उत्तरकुञ्जिका निर्माण
☐ उत्तरकुञ्जिका परिमार्जन
☐ स्थानीय पाठ्यक्रम लेखन/परिमार्जन
☐ स्थानीय पाठ्यपुस्तक लेखन/परिमार्जन
☐ विद्यालय अनुगमन तथा सुपरीवेक्षण

☐ रोस्टर विज्ञ

☐ अन्य

३. शैक्षिक योग्यता:

| क्र.सं. | शैक्षिक तह | विषय/विषय क्षेत्र | उत्तीर्ण वर्ष | श्रेणी/प्रतिशत | विश्वविद्यालय/बोर्ड |
|---|---|---|---|---|---|
| १ | स्नातक | | | | |
| २ | स्नातकोत्तर | | | | |
| ३ | अन्य | | | | |

४. हालको सेवा तथा कार्यअनुभव:

| शिर्षक | विवरण |
|---|---|
| सेवा | |
| समूह/उपसमूह | |
| हालको पद | |
| तह | ☐ आधारभूत ☐ माध्यमिक |
| विषय | |
| स्थायी नियुक्ति मिति | |
| सम्वन्धित तह/विषयमा स्थायी कार्यअनुभव | ......... वर्ष .......... महिना |
| हाल कार्यरत विद्यालय | |

५. ICT सम्बन्धी ज्ञान तथा सीप

ICT सम्वन्धी आधारभूत ज्ञान भएको विवरण:

☐ कम्प्युटरको सामान्य प्रयोग

☐ MS Word

☐ MS Excel

☐ PowerPoint

☐ Internet/Email

☐ Google/अनलाइन माध्यम

☐ अन्य

६. तालिम/प्रशिक्षणको विवरण

| क्र.सं. | तालिम/प्रशिक्षणको नाम | अवधि | सञ्चालन गर्ने निकाय | सम्पन्न वर्ष |
|---|---|---|---|---|

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**७. सम्बन्धित क्षेत्रको अनुभव**

प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण/परिमार्जन, परीक्षा सञ्चालन/मूल्याङ्कन, पाठ्यक्रम/पाठ्यपुस्तक लेखन वा विद्यालय अनुगमन तथा सुपरीवेक्षणसम्वन्धी अनुभव भए उल्लेख गर्ने।

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

**८. संलग्न कागजातहरू**

आवेदन साथ निम्न कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न गरेको छु।

☐ १. नेपाली नागरिकताको प्रमाणपत्र

☐ २. शैक्षिक योग्यताको प्रमाणपत्र

☐ ३. स्थायी शिक्षक नियुक्ति/स्थायी सेवासम्वन्धी प्रमाण

☐ ४. सम्वन्धित तह तथा विषयको कार्यानुभव प्रमाणित हुने कागजात

☐ ५. ICT/तालिमसम्वन्धी प्रमाणपत्र (भएमा)

☐ ६. अन्य ......................................................................................................................

**९. स्वघोषणा**

यस निवेदनमा उल्लेख गरेका सम्पूर्ण विवरणहरू सत्य तथा तथ्यपूर्ण छन्। मैले पेश गरेका प्रमाणपत्र तथा कागजातहरू आधिकारिक रहेको घोषणा गर्दछु। यस विज्ञसूची/रोस्टरमा सूचीकृत भई विज्ञका रूपमा परिचालन भएमा मोदी गाउँपालिकाले तोकेको कार्य, जिम्मेवारी, शर्त तथा प्रचलित कानूनको पालना गर्नेछु। पेश गरेको विवरण झुट्टा ठहरेमा वा आवश्यक योग्यता नपुगेको प्रमाणित भएमा मेरो सूचीकरण रद्द भएमा समेत मेरो कुनै दावी रहने छैन।

**आवेदकको नामः**

**दस्तखतः**

**मितिः**